# प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "प्रदेश लोक सेवा आयोग (तेस्रो संशोधन) ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ ।

२. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को प्रस्तावनामा थप: प्रदेश लोक सेवा आयोग ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "प्रदेश प्रहरी सेवा" भन्ने शब्दहरु पछि "प्रदेश अनुसन्धान व्यूरो" भन्ने शब्दहरु थपिएका छन् ।

३. प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २ मा संशोधनः प्रदेश लोक सेवा आयोग ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (घ) मा रहेका "साला-साली," भन्ने शब्दहरु पछि "बहिनी ज्वाई, छोरी ज्वाई, भान्जी ज्वाई, भान्जी बुहारी" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) "प्रदेश अनुसन्धान व्यूरो" भन्नाले प्रदेश कानूनद्वारा गठन भएको प्रदेश अनुसन्धान व्यूरो सम्झनु पर्छ ।"

(३) खण्ड (ञ) मा रहेका "प्रदेश प्रहरी सेवा" भन्ने शब्दहरु पछि "प्रदेश अनुसन्धान व्यूरो" भन्ने शब्दहरु थपिएका छन् ।

(४) खण्ड (त) मा रहेको "सभा" भन्ने शब्दको सट्टा "समन्वय समिति" भन्ने शब्दहरु राखिएका छन्।

४. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) र (१क) राखिएका छन्:-

"(१) प्रदेशमा एक प्रदेश लोक सेवा आयोग रहनेछ ।

(१क) आयोगमा कम्तीमा एकजना महिला हुने गरी अध्यक्ष सहित बढीमा तीनजना सदस्य रहनेछन्।"

५. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को,-

(१) उपदफा (१) मा रहेका "प्रदेश निजामती सेवा" भन्ने शब्दहरु पछि "तथा स्थानीय सरकारी सेवा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (२) मा रहेका "प्रदेश निजामती सेवाको पद बाहेक प्रदेश प्रहरी सेवा" भन्ने शब्दहरुको सट्टा "प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको पद बाहेक प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान व्यूरो," भन्ने शब्दहरु राखी "स्थानीय सरकारी सेवा" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) उपदफा (४) को खण्ड (घ) मा रहेका "प्रदेश प्रहरी सेवा" भन्ने शब्दहरु पछि "तथा प्रदेश अनुसन्धान व्यूरो" भन्ने शब्दहरु थपिएका छन् ।

६. मूल ऐनको दफा ११ मा थप: मूल ऐनको दफा ११ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगको कार्यसञ्चालन तथा व्यवस्थापन गर्दा लोक सेवा आयोगका कार्यालयबाट गर्न सकिनेछ।"

७. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को उपदफा (३) झिकिएको छ।

८. मूल ऐनको दफा १५ मा थप: मूल ऐनको दफा १५ को उपदफा (२) मा रहेका "प्रदेश प्रहरी सेवा" भन्ने शब्दहरु पछि "तथा प्रदेश अनुसन्धान व्यूरो" भन्ने शब्दहरु थपिएका छन्।

९. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ मा रहेका "पद संख्या निर्धारण गरी खुला प्रतियोगिता वा बढुवाद्वारा पदपूर्ति" भन्ने शब्दहरुको सट्टा "खुला प्रतियोगिता वा बढुवाद्वारा पदपूर्ति हुने पद सङ्ख्या निर्धारण गरी" भन्ने शब्दहरु राखिएका छन् ।

१०. मूल ऐनको दफा ६५ मा संशोधनः मूल ऐनको दफा ६५ को सट्टा देहायको दफा ६५ राखिएको छः-

"६५. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था : (१) प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग, निर्देशनालय, कार्यालय, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाहरु, स्थानीय तह र स्थानीय तहको संगठित संस्थाले नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा यो ऐन र अन्य प्रचलित कानून बमोजिम तथा आयोगले समय समयमा तोकेको कार्यविधि र शर्त बमोजिम भएको छ वा छैन भन्ने सम्बन्धमा आयोगले निरीक्षण गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरो पदमा नियुक्ति, बढुवा तथा सामान्य सिद्धान्तका सम्बन्धमा आयोगको परामर्श लिएका प्रदेश तथा स्थानीय तहस्तरका संगठित संस्थाले सामान्य सिद्धान्तका सम्बन्धमा आयोगबाट प्राप्त परामर्श अनुरुप गरे वा नगरेको सम्बन्धमा आयोगले अनुगमन गर्न वा गराउन सक्नेछ।

(३) अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

११. मूल ऐनको दफा ६७ मा थप: मूल ऐनको दफा ६७ मा रहेका "प्रदेश प्रहरी सेवा," भन्ने शब्दहरु पछि "प्रदेश अनुसन्धान व्यूरो" भन्ने शब्दहरु थपिएका छन्।

१२. मूल ऐनको दफा ७८ मा संशोधनः मूल ऐनको दफा ७८ को,-

(१) उपदफा (१) मा रहेका "प्रदेश प्रहरी सेवा" भन्ने शब्दहरु पछि "प्रदेश अनुसन्धान व्यूरो" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (२) मा रहेका "लोक सेवा" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) उपदफा (३) मा रहेका "लोक सेवा आयोगले आयोगसँग" भन्ने शब्दहरुको सट्टा "आयोगले लोक सेवा आयोगसँग" भन्ने शब्दहरु राखिएका छन् ।

१३. मूल ऐनको दफा ८४ मा संशोधनः मूल ऐनको दफा ८४ को सट्टा देहायको दफा ८४ राखिएको छः-

"८४. निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्नेः आयोगले आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

१४. मूल ऐनमा दफा ८४क. थप : मूल ऐनको दफा ८४ पछि देहायको दफा ८४क. थपिएको छः-

"८४क. अनुसूचीमा हेरफेर गर्न सक्ने : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।"

१५. मूल ऐनको अनुसूची-१ मा थपः मूल ऐनको अनुसूची-१ को स्पष्टीकरणको क्रम संख्याको,-

(१) क्रम संख्या ४. पछि देहायको क्रम संख्या ४क. थपिएको छः-

"४क. आयोगका अध्यक्ष र सदस्यले स्वदेशभित्र भ्रमण गर्नु पर्दा सदस्यको सात दिनसम्मको भ्रमण आदेश अध्यक्षले र अध्यक्षको हकमा औचित्य हेरी सात दिनसम्मको भ्रमण आदेश अध्यक्ष स्वयंले स्वीकृत गर्न सक्नेछ । सात दिनभन्दा बढी अवधिको लागि आयोगका अध्यक्ष तथा सदस्यले स्वदेशभित्र भ्रमण गर्नुपर्दा औचित्यको आधारमा आयोगले स्वीकृत गर्नेछ ।

तर आयोगका अध्यक्ष तथा सदस्यले विदेश भ्रमण गर्नुपर्ने भएमा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।"

(२) क्रम संख्या ६. झिकिएको छ ।

प्रदेश सभाको सम्बत् २०७८ साल असोज १५ गते शुक्रबारका दिन बसेको आठौं अधिवेशनको २७औं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

............................

माननीय अर्जुन बहादुर थापा

सभामुख

सुदूरपश्चिम प्रदेश

मिति २०७८।०६।१५

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

मिति :-

............................